नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा विभिन्न मितिमा प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (र्‍यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३।०४।०४ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | **निर्देशन / कारबाही** |
|---|---|---|---|
| १. | अन्नपुर्ण इन्डस्ट्रिज, पाटन औद्योगिक क्षेत्र, ललितपुर / प्रशोधित पिउने पानी ब्रान्ड Aqua Anna | • उद्योगको सरसफाइ तथा कीट नियन्त्रणको व्यवस्था सामान्य रहेको<br>• प्रशोधित पानी भर्न, बोतल सफा गर्न तथा बिर्को लगाउन Automatic machine को प्रयोग गरिएको<br>• प्रशोधित पानीको नियमित परीक्षण गर्दा परीक्षण प्रतिवेदन अनुकुल पाइएको<br>• उजुरीमा भने बमोजिमको नेक सिलको प्रयोग विभागको मिति २०८२/१२/३० को निर्णय अनुसार प्रयोग गर्न छोडेको पाइएको। | • थप अनुसन्धानका लागि उद्योगबाट उत्पादित प्रशोधित पिउँने पानीको नमुना संकलन गरेको<br>• खाद्य स्वच्छता कायम राख्न निर्देशन दिइएको<br>• प्रशोधित पिउँने पानी उत्पादन मापदण्ड सम्बन्धी निर्देशिका, २०७४ बमोजिम कार्य गर्न निर्देशन दिएको। |
| २. | संयुक्त डेरी एण्ड फूड प्रा. लि., पाटन औद्योगिक क्षेत्र/दहि | • उद्योगको सरसफाइ तथा कीट नियन्त्रणको व्यवस्था सामान्य रहेको<br>• उत्पादित खाद्य पदार्थमा लेबल विवरण उल्लेख भएको<br>• उत्पादित खाद्य पदार्थ गुणस्तर परीक्षण उद्योगकै प्रयोगशालाबाट गरिएको। | • थप अनुसन्धानका लागि उद्योगबाट उत्पादित दहीको नमुना संकलन गरेको<br>• दूध तथा दुग्ध पदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्ड २०७५ बमोजिम गर्ने निर्देशन दिएको |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः दुई (२) वटा** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०४/०५

<u>अनुगमनका केहि झलकहरु</u>














